नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**
(प्रशासन तथा प्रेस शाखा)

फोनः ४११२७१७
४११२५५१
४११२७५३
४४११८१६
फ्याक्स : ४११२६५२

सञ्चारग्राम, तिलगंगा, काठमाडौं

पत्रसंख्या :-२०७४/७५
च.नं.:- 1260

मितिः २०७५।०३।२९

## प्रेस विज्ञप्ती

चालु आ.व. २०७४/०७५ को "पत्रकार दुर्घटना बीमा" कार्यक्रम अन्तर्गत दोस्रो चरणमा २६५ जना पत्रकारहरुको बीमा मिति २०७५।०३।२९ देखि लागू हुने गरी भएको छ । चालु आ.ब.को पत्रकार दुर्घटना बीमा गर्न यस बिभाग र एनएलजी इन्सोरेन्स कम्पनी लिमिटेडवीच २०७४ चैत्र २ गते भएको सम्झौता बमोजिम पहिलो चरणमा ६१३ जना पत्रकारहरुको दुर्घटना बीमा मिति २०७५ जेठ ८ गते भएको थियो । यसरी आ.व.२०७४।०७५ मा पहिलो चरणमा ६१३ जना तथा दोस्रो चरणमा २६५ गरी जम्मा ८७८ जना पत्रकारहरुको दुर्घटना बीमा भएको छ । यसका लागि बीमा शुल्क मूल्य अभिवृद्धि कर सहित रु. ३१०।७५ हुने सम्झौता बमोजिम २६५जना पत्रकारहरुको ३१०।७५ का दरले हुन आउने बीमाशुल्क ८२,३४८।७५ (अक्षरुपी बयासी हजार तीन सय अठ्चालिस पैसा पचहत्तर) मध्ये पत्रकार दुर्घटना बीमा (व्यवस्थापन) निर्देशिका,२०७० को दफा ६ मा भएको बीमा शुल्क वा बीमितको योगदान सम्बन्धी व्यवस्था अनुसार नेपाल सरकारको आर्थिक दायित्वभित्र पर्ने ७५ प्रतिशतका दरले हुन आउने रु.६१,७६१।- (अक्षरेपी एकसठ्ठी हजार सात सय एकसठ्ठी मात्र) विभागले व्यहोरेको छ भने बाँकी २५ प्रतिशतका दरले हुन आउने रु. २०,५८८।–(अक्षरेपी बीस हज़ार पाँचसय अठासी मात्र) नेपाल पत्रकार महासंघ मार्फत व्यहोरिएको छ । पत्रकार दुर्घटना बीमा बापतको चेक आज एक कार्यक्रमबीच विभागका महानिर्देशक श्री बालकृष्ण घिमिरेले एनएलजी इन्सोरेन्स कम्पनी लिमिटेडका प्रतिनिधिलाई हस्तान्तरण गर्नु भएको छ । चालु आ.व.को दोस्रो चरणमा पत्रकार दुर्घटना बीमा भएका पत्रकारहरुको नामावली विभागको वेब साइट www.dionepal.gov.np मा राखिएको छ ।

(ध्रुव कुमार पोखरेल)
निर्देशक

Scanned by CamScanner